# बागमती प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




बागमती प्रदेश


नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
२०८२ कात्तिक

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक र वित्तीय क्षेत्रको तथ्याङ्क तथा विश्लेषण समावेश गरी **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन प्रदेशगत रूपमा समेत प्रकाशन हुने गरेको छ । यसै क्रममा बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले र अन्य प्रदेशहरूको प्रतिवेदन नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूले तर्जुमा गर्ने व्यवस्था रहेको छ ।

यस विभागले तर्जुमा गरेको प्रस्तुत प्रतिवेदनमा बागमती प्रदेशका १३ जिल्लाहरूमा आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्मको जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधारक्षेत्रको स्थिति र परिदृश्यको सङ्क्षिप्त विश्लेषण गरिएको छ । सोअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा ३६.५ प्रतिशत योगदान रहेको बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०८१/८२ मा ५.२ प्रतिशतले बढ्ने अनुमान रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रयमासमा ढिलो मनसुनले कृषि क्षेत्रमा केही नकारात्मक असर परेको छ भने अर्कोतर्फ भदौ महिनामा जेन्जी आन्दोलनको क्रममा अर्थतन्त्रमा केही क्षति भएको छ । तथापि, जेन्जी आन्दोलनपश्चात बनेको सरकारले शान्ति-सुरक्षा, सुशासन र पुनर्निर्माणमा प्राथमिकता दिनुको साथै आर्थिक सुधारको कार्य अघि बढाएकोले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै गएको छ ।

प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन बागमती प्रदेश सरकारलगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विभिन्न परियोजना, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री हिमप्रसाद न्यौपानेलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी, प्रतिवेदन तयारीमा संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री सजना शिल्पकार, श्री जयनारायण प्रधान र श्री सुदिप त्रिपाठी, सहायक निर्देशकहरू श्री सविन थापा, श्री धनञ्जय पराजुली, श्री कुशल ढकाल, श्री शिखा पोखेल, श्री अर्जुन कुमार श्रेष्ठ, श्री रामकृष्ण आचार्य, श्री आरती मण्डल र अधिकृत (कम्प्युटर) श्री रामकुमार थापालाई धन्यवाद ज्ञापन गर्दछु ।

**डा. रामशरण खरेल**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| आवरण पृष्ठ | | |
| प्राक्कथन | | (क) |
| विषयसूची | | (ख) |
| तालिकासूची | | (घ) |
| चार्टसूची | | (ङ) |
| सारांश | | (च) |
| **परिच्छेद १: अध्ययन परिचय** | | |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ अध्ययनको सीमा | २ |
| | १.४ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | | |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत योगदान | ३ |
| | २.२ अन्तरप्रदेश तुलना | ३ |
| | २.३ प्रादेशिक चुनौती तथा सम्भावना | ४ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | १० |
| | ३.५ कृषि कर्जा | ११ |
| | ३.६ कृषि क्षेत्रका चुनौती तथा सम्भावना | ११ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | | |
| | ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन | १३ |
| | ४.२ वागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण | १३ |
| | ४.३ औद्योगिक कर्जा | १४ |
| | ४.४ औद्योगिक क्षेत्रका चुनौती तथा सम्भावना | १६ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | | |
| | ५.१ पर्यटन | १८ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| | ५.३ फण्ड ट्रान्सफर | २० |
| | ५.४ शिक्षा | २० |
| | ५.५ वित्तीय सेवा | २० |
| | ५.६ स्वास्थ्य | २१ |
| | ५.७ यातायात | २१ |
| | ५.८ सेवा क्षेत्र कर्जा | २२ |
| | ५.९ सहकारी | २३ |
| | ५.१० सेवा क्षेत्रका चुनौती तथा सम्भावना | २३ |

**परिच्छेद ६: पूर्वाधार र रोजगारी**

| | | |
|---|---|---|
| ६.१ | पूर्वाधार क्षेत्र | २५ |
| ६.२ | पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना | २५ |
| ६.३ | रोजगारी | २६ |
| ६.४ | रोजगारी क्षेत्रका चुनौती तथा सम्भावना | २७ |

**परिच्छेद ७: प्रादेशिक वित्त स्थिति**

| | | |
|---|---|---|
| ७.१ | प्रदेश सरकारी वित्त स्थिति | २९ |
| ७.२ | स्थानीय तहहरूको वित्त स्थिति | २९ |

**परिच्छेद ८: आर्थिक परिदृष्य**

| | | |
|---|---|---|
| ८.१ | कृषि क्षेत्रको परिदृष्य | ३१ |
| ८.२ | औद्योगिक क्षेत्रको परिदृष्य | ३१ |
| ८.३ | सेवा क्षेत्रको परिदृष्य | ३२ |
| ८.४ | पूर्वाधार क्षेत्रको परिदृष्य | ३२ |

## तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरू | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२: कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन | १० |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ४.१: वागमती प्रदेशमा २०८१ साउनदेखि २०८२ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण | १४ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा | १४ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरूको जिल्लागत विवरण | २० |
| तालिका ५.३: यातायातका साधनको विवरण | २२ |
| तालिका ५.४: जिल्लागत सेवा क्षेत्र कर्जा | २२ |
| तालिका ५.५: छनौटमा परेका ८ सहकारी संस्थाहरूको २०८२ असार मसान्तसम्मको विवरण | २३ |
| तालिका ६.१: सडक पूर्वाधारतर्फ आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति | २५ |
| तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत जिल्लागत रोजगारीको विवरण | २६ |
| तालिका ६.३: कुल श्रम स्वीकृतिको विवरण | २७ |
| तालिका ६.४: वागमती प्रदेशमा जिल्लागत वैदेशिक रोजगारीको विवरण | २७ |
| तालिका ७.१: सरकारी वित्त स्थिति | २९ |
| तालिका ७.२: बागमती प्रदेशको स्थानीय तहहरूको प्राप्ति तथा खर्च विवरण | ३० |

# चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: आ.व. २०८१/८२ को प्रादेशिक रूपमा क्षेत्रगत योगदान | ४ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल | ६ |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरूको उत्पादन स्थिति | ८ |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार | १० |
| चार्ट ४.१: आ.व. २०८१/८२ मा प्रमुख उद्योगहरूको क्षमता उपयोग | १३ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति | १५ |
| चार्ट ५.१: बागमती प्रदेशमा नमूना छनौटमा परेका होटलको अकुपेन्सी दर | १८ |
| चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति | २१ |
| चार्ट ७.१: स्थानीय तहहरूको राजस्व र खर्चको अवस्था | ३० |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको संशोधित अनुमान छ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.२ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, ११.१ प्रतिशत र ७७.१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## कृषि क्षेत्र

४. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र ७.५ प्रतिशतले घटेको छ। त्यसैगरी, यस्ता बालीको उत्पादन ६.५ प्रतिशतले घटेको छ। प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा वर्षमा कोदो उत्पादन ५.२ प्रतिशतले बढेको छ भने सोही अवधिमा धान उत्पादन १.१ प्रतिशतले, मकै उत्पादन ५.० प्रतिशतले, फापर उत्पादन ५.१ प्रतिशतले, गहुँ उत्पादन १८.५ प्रतिशतले र जौ उत्पादन ३२.६ प्रतिशतले घटेको छ।

५. समीक्षा वर्षमा तरकारी तथा वागवानीको उत्पादन १६.२ प्रतिशतले बढेको छ। पशुजन्य उत्पादनअन्तर्गत दूध उत्पादन १.२ प्रतिशतले र मासु उत्पादन २.९ प्रतिशतले घटेको छ भने अण्डा उत्पादन २.७ प्रतिशतले बढेको छ।

६. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट ३.७ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ।

## उद्योग क्षेत्र

७. समीक्षा अवधिमा यस प्रदेशका अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ३८.७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४४.३ प्रतिशत रहेको थियो।

८. नमूना छनौटमा परेका उद्योगहरूमध्ये चाउचाउ उद्योगको क्षमता उपयोग सबैभन्दा बढी छ भने लत्ता कपडा मध्येको गार्मेण्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको छ।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.४ प्रतिशत रहेको छ।

## सेवा क्षेत्र

१०. समीक्षा अवधिमा नमूना छनौटमा परेका होटलहरूको औसत क्षमता उपयोग (अकुपेन्सी) ५७.० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा नमुना छनौटमा परेका होटलहरूको अकुपेन्सी ५१.९ प्रतिशत रहेको थियो।

११. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या २५.० प्रतिशतले घटेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व २३.६ प्रतिशतले घटेको छ।

१२. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा १०.८४ प्रतिशतले र कर्जा प्रवाह ११.३५ प्रतिशतले वृद्धि भएको छ । २०८२ असार मसान्तमा कर्जा निक्षेप अनुपात औसतमा ६९.२७ प्रतिशत रहेको छ ।

१३. समीक्षा वर्षमा यस प्रदेशमा यातायात सवारी दर्ताको सङ्ख्या ४५.२ प्रतिशतले बढेको छ ।

## पूर्वाधार र रोजगारी

१४. समीक्षा वर्षमा बागमती प्रदेशमा ९०.४२ कि.मि. नयाँ सडक निर्माण भएको छ भने ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमशः १४८.९३ कि.मि. र ३६२.२३ कि.मि. भएको छ । सोही वर्षमा ३७ वटा सडक पुल र ७ वटा झोलुंगे पुल निर्माण भएका छन् ।

१५. पछिल्लो तीन आर्थिक वर्षमा बागमती प्रदेशमा कुल १२३५.४८ कि.मि. नयाँ सडक निर्माण भएको छ ।

१६. बागमती प्रदेशबाट आ.व. २०८१/८२ मा जम्मा १ लाख ३७ हजार ६ सय जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १६.३९ प्रतिशत रहेको छ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आ.व. २०८१/८२ मा ७ हजार ८ सय ८९ जनाले रोजगारी प्राप्त गरेका छन् ।

## प्रादेशिक वित्त स्थिति

१८. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेश सरकारले कुल रु.६४ अर्ब ५४ करोड बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ७३.७९ प्रतिशत रु.४७ अर्ब ६२ करोड खर्च भएको छ भने २०८२ असार मसान्तसम्म रु.२८ अर्ब ३५ करोड राजस्व सङ्कलन भएको छ ।

## आर्थिक परिदृश्य

१९. आर्थिक वर्ष २०८१/८२ मा औसत मुद्रास्फीति दर वाञ्छित सीमाभित्र रहेको, कर्जा तथा निक्षेपको ब्याजदर घट्दो अवस्थामा रहेको, जलविद्युत् उत्पादनमा उल्लेख्य वृद्धि भएको, बाह्य पर्यटकको आगमनमा वृद्धि सँगसँगै निर्यात र विप्रेषण आप्रवाहमा पनि वृद्धि भएको र विगत दुई वर्षदेखि सङ्कुचनमा रहेको निर्माण र उत्पादनमूलक उद्योग क्षेत्र विस्तार हुँदै गएको हुँदा आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसैक्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्यसमेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । अर्ध-वार्षिक प्रतिवेदन आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म) को तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ भने वार्षिक प्रतिवेदन वार्षिक तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ । प्रतिवेदनमा जिल्लागत रूपमा कृषि, उद्योग, सेवा र निर्माण क्षेत्रको स्थिति, सम्भावना र चुनौती तथा परिदृश्य समावेश हुने गरेको छ ।

प्रस्तुत बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी कुल १३ वटा जिल्लाहरूको २०८१ साउनदेखि २०८२ असार मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यस प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा वागमती प्रदेशको क्षेत्रगत हिस्सा तथा अन्य प्रदेशसँग आर्थिक स्थितिको तुलनात्मक स्थिति तथा प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरू समेत यस प्रतिवेदनमा समाबेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुतौतीहरूका सम्बन्धमा सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन २०७९ समेत) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ ।

३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहायबमोजिम सङ्कलन गरिएको छः

(क) कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि विकास कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सङ्कलन गरिएको छ ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी सङ्कलन गरिएको छ ।

(ग) बैंकिङसम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूबाट सङ्कलन गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमुना छनौटमा परेका १२ वटा होटलहरूबाट, घरजग्गा नक्शापास सम्बन्धी तथ्याङ्क सम्बन्धित नगरपालिकाबाट सङ्कलन गरिएको छ ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरूबाट सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचनाहरू सङ्कलनको लागि स्थलगत भ्रमणका अलावा इमेल, टेलिफोन, वेवसाइटलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.३ अध्ययनको सीमा

प्रस्तत् अध्ययनमा तथ्याङ्क सङ्कलनमा विभिन्न प्रकारका सीमाहरू रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले तथ्याङ्क सङ्गठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरूपः कृषि उत्पादन र पूर्वाधारलगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरूपता कायम हुन सकेको छैन ।

२. त्यसैगरी, यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको विवरण एकमुष्ट प्राप्त हुने भएकोले वागमती प्रदेशको मात्र विवरण प्राप्त गर्न कठिन हुने गरेको छ । कतिपय उद्योग व्यवसायहरूबाट तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने तथा समयमै उपलब्ध नहुनाका साथै अपूरो तथ्याङ्क उपलब्ध गराउने गरेकाले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाइ हुने गरेको छ ।

३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरूले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ । प्रस्तुत अध्ययनमा छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विश्लेषण गरिएको छ । यसैगरी, परिच्छेद ७ मा प्रादेशिक वित्त स्थितिसँग सम्बन्धित विवरण प्रस्तुत गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्यसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.०प्रतिशत रहने अनुमान छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा प्रायः स्थिर रहेको देखिन्छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.२ प्रतिशत रहने अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२२ खर्ब ३० अर्ब २३ करोड पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, ११.१ प्रतिशत र ७७.१ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१ प्रतिशत, ३१.७ प्रतिशत र ४५.४ प्रतिशत रहने अनुमान छ।

बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवाको अंश सबैभन्दा बढी (२२.६ प्रतिशत) रहेको छ। घरजग्गा कारोबारको अंश १५.२ प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११.८ प्रतिशत, वित्तीय तथा बीमाको अंश ११.२ प्रतिशत, यातायात तथा भण्डारणको अंश ९.३ प्रतिशत तथा उत्पादनमूलक उद्योगको अंश ४.९ प्रतिशत रहेको छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२ प्रतिशत) रहेको छ। यस प्रदेशको जनसङ्ख्या अन्य प्रदेशभन्दा बढी रहेको, संघीय राजधानी यसै प्रदेशमा रहेको, अधिकांश उद्योगहरू तथा सेवा क्षेत्रसँग सम्बन्धित गतिविधिहरू यसै प्रदेशमा रहेको जस्ता कारणले अन्य प्रदेशभन्दा यस प्रदेशको हिस्सा कुल गार्हस्थ्य उत्पादनमा अधिक रहने गरेको छ (तालिका २.१)।


**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरू**
**(आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७०.७४ | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.६० | ४२९.६२ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | **३६.५२** | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५० | **५.१८** | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५१ | १९.२१ | **१७.१२** | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.९४ | १०.९३ | **३१.६८** | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७८ | ११.१७ | **४५.३९** | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

बृहत् आर्थिक वर्गीकरणअनुसार समीक्षा वर्षको कृषि क्षेत्रको समग्र उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२४ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१३ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.३९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९८ प्रतिशत) रहेको छ (तालिका २.१)।

**चार्ट २.१: आ.व. २०८१/८२ को प्रादेशिक रूपमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

प्रदेशगत रूपमा कृषि क्षेत्रको तुलना गर्दा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान सबैभन्दा कम (११.८० प्रतिशत) रहेको छ भने मधेश प्रदेशको सबैभन्दा बढी (३६.७३ प्रतिशत) रहेको छ। प्रदेशगत रूपमा उद्योग क्षेत्रको तुलना गर्दा उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशमा (१७.१३ प्रतिशत) रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा (९.५८ प्रतिशत) रहेको छ। यसैगरी, प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान बागमती प्रदेशको सबैभन्दा बढी (७७.०७ प्रतिशत) र कोशी प्रदेशको सबैभन्दा कम (४९.८५ प्रतिशत) रहेको छ (चार्ट २.१)।

## २.३ प्रादेशिक चुनौती तथा सम्भावना

### २.३.१. प्रादेशिक चुनौती

१. बागमती प्रदेशमा भौतिक पूर्वाधारहरू जस्तैः सडकमार्ग, स्वास्थ्य सेवा र सहज खानेपानी, ढल तथा फोहोर व्यवस्थापन, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास एवम् उचित व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ।

२. यस प्रदेशमा प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो, भूस्खलनको जोखिम उच्च रहेकोले यस्ता प्रकोपहरूलाई रोकथाम गर्दै ती प्रकोपहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण छ।

३. शिक्षामा गुणात्मक विकास गर्ने कार्य तथा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनुका साथै सहज पहुँच विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

४. सहरी क्षेत्रमा बढ्दो जनसङ्ख्या वृद्धिले कृषियोग्य भूभाग सङ्कुचन हुनुका साथै पहाडी तथा हिमाली क्षेत्रमा बसाइसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषियोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण छ ।

५. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत्, पूर्वाधार, उद्योग, सेवा क्षेत्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्दै दिगो विकासका लागि आवश्यक लगानी बढाउने कार्य चुनौतीपूर्ण छ ।

६. कृषिमा आश्रित जनसङ्ख्यालाई पूर्णकालीन रोजगारीका अवसरहरू सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

७. उपत्यकालगायत आसपासका क्षेत्रहरूमा जग्गाको मूल्यमा वृद्धि भएसँगै उद्योग स्थापनाका लागि निजी क्षेत्रले अधिक मूल्यमा जग्गा लिजमा लिनुपर्ने र सो कारण उत्पादित वस्तु तथा सेवाको उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउनु चुनौतीपूर्ण छ ।

### २.३.२. प्रादेशिक सम्भावना

१. यस प्रदेशमा काठमाडौं, भक्तपुर, ललितपुरजस्ता ऐतिहासिक स्थलहरू छन् जसले धार्मिक सांस्कृतिक पर्यटनमा ठुलो योगदान पुऱ्याउन सक्ने सम्भावना रहेको छ । नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमध्ये सबैभन्दा व्यस्त विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा पर्याप्त पर्यटकीय पूर्वाधार रहेको सन्दर्भमा पर्यटन क्षेत्रको विकासमार्फत प्रदेशको चौतर्फी विकास गर्ने सम्भावना रहेको छ ।

२. यस प्रदेशमा उपलब्ध भौगोलिक विविधता तथा अन्य प्रदेशहरूको तुलनामा कृषि, पर्यटन, जलविद्युत् तथा व्यापारका क्षेत्रमा रहेको लगानीका कारण रोजगारीको अवसर र आर्थिक वृद्धि हासिल गर्ने सम्भावना उच्च रहेको छ ।

३. सूचना प्रविधि तथा बढ्दो सञ्जालीकरणले उपलब्ध गराएको अवसरको उपयोगमार्फत प्रदेशमा दिगो आर्थिक वृद्धि हासिल गर्ने सम्भावना उच्च रहेको छ ।

४. यस प्रदेशमा रहेका उच्च बहावयुक्त नदी एवम् जलस्रोतको उच्चतम प्रयोगमार्फत जलविद्युत् उत्पादनको ठूलो सम्भावना रहेको छ ।

५. कृषि क्षेत्रमा नवीनतम प्रविधि, गुणस्तरीय बिउ बीजन एवम् प्राविधिक सहजीकरणको उपयोग गरी कृषिमा व्यावसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तथा भौगोलिक अवस्थिति अनुसार जडिबुटीको खेती गरी कृषकहरूको आयआर्जन एवम् सो उत्पादनहरूलाई अन्तिम वस्तुका रूपमा प्रशोधन गर्ने उद्योग स्थापना गरी बहुआयामिक लाभ लिन सक्ने सम्भावना रहेको छ ।

६. पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटकीय गतिविधिसँग सम्बन्धित सेवामूलक उद्योग स्थापना गरी प्रत्यक्ष तथा परोक्ष रोजगारीका अवसर सिर्जना गर्ने सम्भावना रहेको छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफल ५.८ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.० प्रतिशतले वृद्धि भएको थियो ।

**खाद्य तथा अन्य बाली** : आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ७.५ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशतले, गहुँ बालीले ढाकेको क्षेत्रफल ५.० प्रतिशतले, कोदो बालीले ढाकेको क्षेत्रफल ५.१ प्रतिशतले, मकै बालीले ढाकेको क्षेत्रफल ६.६ प्रतिशतले, फापर बालीले ढाकेको क्षेत्रफल १६.१ प्रतिशतले र जौ बालीले ढाकेको क्षेत्रफल २५.६ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा कोदो बालीले ढाकेको क्षेत्रफल ७.० प्रतिशत र जौ बालीले ढाकेको क्षेत्रफल १४.२ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ९.४ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ८.१ प्रतिशतले घटेको थियो ।

त्यसैगरी, समीक्षा वर्षमा आलु बालीले ढाकेको क्षेत्रफल ११.९ प्रतिशतले, तेलहन बालीले ढाकेको क्षेत्रफल १९.८ प्रतिशतले, दलहन बालीले ढाकेको क्षेत्रफल २४.५ प्रतिशतले र भटमास बालीले ढाकेको क्षेत्रफल २६.२ प्रतिशतले घटेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालय, कृषि विकास निर्देशनालय ।*

**तरकारी तथा वागवानी** :समीक्षा वर्षमा तरकारी तथा वागवानी बालीले ढाकेको क्षेत्रफल ५.१ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.१ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला** :समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ५.९ प्रतिशतले घटेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल ४५.५ प्रतिशतले बढेको छ । गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल १०.६ प्रतिशतले र मसला बालीले ढाकेको क्षेत्रफल ५.५ प्रतिशतले घटेको थियो ।

तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | २३१६० | २२६४ | ६४१ | ८१२ | ४.४ | ४.० | ४.२ | ८.१ |
| सिन्धुपाल्चोक | ६७९२६ | ४१३० | १३२९ | १३१८ | १२.९ | ७.२ | ८.७ | १३.१ |
| रसुवा | ९९९२ | १७८८ | ५०२ | ३७८ | १.९ | ३.१ | ३.३ | ३.८ |
| धादिङ | ४८६५८ | ७१८० | २१३० | ६२२ | ९.२ | १२.५ | १४.० | ६.२ |
| नुवाकोट | ५११७८ | ५७७९ | १५३३ | ८५८ | ९.७ | १०.१ | १०.१ | ८.५ |
| काठमाडौं | १६४१४ | ३२९२ | १५६ | ८१ | ३.१ | ५.७ | १.० | ०.८ |
| भक्तपुर | ८८१८ | १०११ | २३ | ३४ | १.७ | १.८ | ०.२ | ०.३ |
| ललितपुर | २१७१३ | ३५०५ | १०० | २३१ | ४.१ | ६.१ | ०.७ | २.३ |
| काभ्रेपलाञ्चोक | ५८८५६ | ११३२४ | २२६८ | १११० | ११.१ | १९.८ | १४.९ | ११.० |
| रामेछाप | ४५०६८ | ३४९८ | ७५९ | ५०७ | ८.५ | ६.१ | ५.० | ५.० |
| सिन्धुली | ६६२६२ | २०५८ | ४३५१ | २४०२ | १२.५ | ३.६ | २८.६ | २३.९ |
| मकवानपुर | ४०९३० | ३४६१ | – | १३४९ | ७.७ | ६.० | – | १३.४ |
| चितवन | ६९१८५ | ७९७३ | १४२८ | ३६८ | १३.१ | १३.९ | ९.४ | ३.६ |
| **जम्मा** | ५२८१६० | ५७२६३ | १५२२० | १००६९ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालय, कृषि विकास निर्देशनालय।*

*नोट: गत वर्ष मसलातर्फ मकवानपुर जिल्लाबाट तथ्याङ्क प्राप्त नभएको तथा समीक्षा वर्षमा मकवानपुर जिल्लाको मसलाको समेत तथ्याङ्क समायोजन भई प्राप्त भएको।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१३.१ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.७ प्रतिशत) रहेको छ (तालिका ३.१)। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.८ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ। फलफूलले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२८.६ प्रतिशत) र मकवानपुर जिल्लाको हिस्सा नगन्य रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२३.९ प्रतिशत) रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.३ प्रतिशत) रहेको छ।

## ३.२ कृषि उत्पादन


समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.८ प्रतिशतले बढेको छ। गतवर्ष सो उत्पादन ०.६ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा समग्र कृषि बालीमध्ये खाद्य तथा अन्य बालीको उत्पादन ६.५ प्रतिशतले घटेको छ। गतवर्ष सो उत्पादन ४.५ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कोदो उत्पादन ५.२ प्रतिशतले बढेको छ। अर्कोतर्फ सोही अवधिमा धान उत्पादन १.१ प्रतिशतले, मकै उत्पादन ५.० प्रतिशतले, फापर उत्पादन ५.१ प्रतिशतले, गहुँ उत्पादन १८.५ प्रतिशतले र जौ उत्पादन ३२.६ प्रतिशतले घटेको छ। गत वर्ष गहुँ उत्पादन ०.६ प्रतिशत, धान उत्पादन ०.८ प्रतिशत, जौ उत्पादन ५.५ प्रतिशतले बढेको थियो भने मकै उत्पादन ०.३ प्रतिशत, कोदो उत्पादन ३.१ प्रतिशत र फापर उत्पादन ८.७ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा आलु उत्पादन ८.३ प्रतिशतले, भटमास उत्पादन

१२.३ प्रतिशतले, तेलहन बालीको उत्पादन २१.० प्रतिशतले र दलहन बालीको उत्पादन २७.२ प्रतिशतले घटेको छ । गत वर्ष आलु उत्पादन १३.३ प्रतिशतले र तेलहन बालीको उत्पादन २४.५ प्रतिशतले वृद्धि भएको थियो भने दलहन बालीको उत्पादन ११.४ प्रतिशतले र भटमास उत्पादन १८.५ प्रतिशतले घटेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३४.० प्रतिशत, मकै उत्पादनको हिस्सा ३०.२ प्रतिशत र धान उत्पादनको हिस्सा २२.९ प्रतिशत रहेको छ । समीक्षा वर्षमा यस प्रदेशको कुल कृषि उत्पादनमा खाद्य तथा अन्य बालीको हिस्सा ६१.१ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरूको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालय, कृषि विकास निर्देशनालय ।*

**तरकारी तथा वागवानी :**समीक्षा वर्षमा तरकारी तथा वागवानीको उत्पादन १६.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी तथा वागवानीको उत्पादन ५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा कुल कृषि उत्पादनमा तरकारी तथा वागवानी बालीको हिस्सा ३१.५ प्रतिशत रहेको छ ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूलको उत्पादन १.९ प्रतिशतले घटेको छ भने मसलाको उत्पादन ४४.१ प्रतिशतले बढेको छ । गत वर्ष फलफूलको उत्पादन ७.४ प्रतिशतले घटेको थियो भने मसलाको उत्पादन १३.८ प्रतिशतले घटेको थियो ।

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १६.९ प्रतिशत र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम २.७ प्रतिशत रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी २१.३ प्रतिशत र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ । फलफूल उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी ४०.५ प्रतिशत रहेको छ भने मकवानपुर जिल्लाको हिस्सा नगन्य रहेको छ । त्यसैगरी, मसला उत्पादनमा मकवानपुर जिल्लाको हिस्सा सबैभन्दा बढी २५.७ प्रतिशत रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम १.० प्रतिशत रहेको छ (तालिका ३.२) ।

### तालिका ३.२: कृषि बालीको उत्पादन

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | १०१२२८ | २५३९७ | ४७७३ | १५३६ | ४.७ | २.३ | २.७ | १.७ |
| सिन्धुपाल्चोक | २३११६७ | ४९८४७ | ४७८५ | ११६०६ | १०.६ | ४.५ | २.८ | १२.९ |
| रसुवा | ६२५१९ | १४३६४ | २९१८ | ३४८० | २.९ | १.३ | १.७ | ३.९ |
| धादिङ | १५०४३५ | ८६४११ | १४५५२ | ४८५८ | ६.९ | ७.७ | ८.४ | ५.४ |
| नुवाकोट | २४०३४७ | ६६८२१ | १०२८८ | ७१२३ | ११.१ | ६.० | ५.९ | ७.९ |
| काठमाडौं | ७८९८७ | १३४३१४ | १५५३ | ९५८ | ३.६ | १२.० | ०.९ | १.१ |
| भक्तपुर | ५८६०६ | ४१९५७ | २१९ | ९०६ | २.७ | ३.७ | ०.१ | १.० |
| ललितपुर | ९०७२४ | १३६७३० | १०१५ | २८४० | ४.२ | १२.२ | ०.६ | ३.१ |
| काभ्रेपलाञ्चोक | ३६८००२ | १९६०२४ | १५०४६ | ११५९० | १६.९ | १७.५ | ८.७ | १२.८ |
| रामेछाप | १५१८८९ | १३८४० | ५१६१ | ३५२२ | ७.० | १.२ | ३.० | ३.९ |
| सिन्धुली | २१५६३२ | ३०३१२ | ७०४९१ | १३५१७ | ९.९ | २.७ | ४०.५ | १५.० |
| मकवानपुर | १६११२० | ८५२१० | – | २३१७४ | ७.४ | ७.६ | – | २५.७ |
| चितवन | २६३९७० | २३७९९४ | ४३०९५ | ५१४९ | १२.१ | २१.३ | २४.८ | ५.७ |
| **जम्मा** | २१७४६२५ | १११९२२० | १७३८९५ | ९०२५८ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालय, कृषि विकास निर्देशनालय ।*

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन**: समीक्षा वर्षमा दुध उत्पादन १.२ प्रतिशतले र मासु उत्पादन २.९ प्रतिशतले घटेको छ भने अण्डा उत्पादन २.७ प्रतिशतले बढेको छ। गत वर्ष मासु उत्पादन ८.४ प्रतिशतले र अण्डा उत्पादन १६.८ प्रतिशतले बढेको थियो भने दुध उत्पादन १.१ प्रतिशतले घटेको थियो ।

**माछा उत्पादन**: समीक्षा वर्षमा माछा उत्पादन २.८ प्रतिशतले घटेको छ। गत वर्ष माछा उत्पादन ५.९ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन**:समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ५२.४ प्रतिशत र दाउरा उत्पादन २९.१ प्रतिशतले बढेको छ। गत वर्ष काठ उत्पादन १४.४ प्रतिशतले र दाउरा उत्पादन ३७.७ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२२.३ प्रतिशत) दुध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (०.३ प्रतिशत) भएको छ। मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.६ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.१ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (४२.२ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८३.८ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा नगन्य रहेको छ (तालिका ३.३) ।

### तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन

| जिल्ला | उत्पादन | | | | प्रदेशमा जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| दोलखा | २४६५० | ५५२१ | ८५१८ | * | ३.६ | ५.८ | १.१ | * |
| सिन्धुपाल्चोक | १३३४८ | २७३१ | २६९० | १५ | २.० | २.९ | ०.३ | ०.३ |
| रसुवा | १८४४ | १०३८ | ६७३ | २ | ०.३ | १.१ | ०.१ | ०.०४ |
| धादिङ | ३८३४१ | १११८२ | १९९५४ | ३३ | ५.७ | ११.८ | २.५ | ०.६ |
| नुवाकोट | ३९५८९ | ९८४७ | ९४६० | ४३ | ५.८ | १०.४ | १.२ | ०.८ |
| काठमाडौं | ५२८२३ | २५८३ | ६४३३८ | २३ | ७.८ | २.७ | ८.२ | ०.४ |
| भक्तपुर | २६५६६ | १९७० | ११६६० | १२ | ३.९ | २.१ | १.५ | ०.२ |
| ललितपुर | १२०९३२ | १९५७ | ११०९८१ | ३५ | १७.८ | २.१ | १४.१ | ०.६ |
| काभ्रेपलाञ्चोक | १५१४७० | १३२४० | ३०९७८ | ९६ | २२.३ | १४.० | ३.९ | १.७ |
| रामेछाप | ३८८७२ | ७७०० | २४१४५ | २८ | ५.७ | ८.१ | ३.१ | ०.५ |
| सिन्धुली | ४५२११ | १११९८ | २३५९० | ४८३.३ | ६.७ | ११.७ | ३.० | ८.७ |
| मकवानपुर | २६४८६ | ८२५० | १४८१३० | १३४ | ३.९ | ८.७ | १८.८ | २.४ |
| चितवन | ९८१९० | १७५८८ | ३३२४८१ | ४६७९ | १४.५ | १८.६ | ४२.२ | ८३.८ |
| जम्मा | ६७८३२१.६ | ९४७२६ | ७८७५९८ | ५५८४ | १००.० | १००.० | १००.० | १००.० |


*स्रोत;कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा कार्यालयहरू ।*

* तथ्याङ्क प्राप्त नभएको ।

## ३.४ सिँचाई

समीक्षा वर्षसम्ममा यस प्रदेशको कुल खेती गरिएको (३ लाख ४५ हजार ३ सय ४० हेक्टर) क्षेत्रफलमध्ये ४७.० प्रतिशत (१ लाख ६२ हजार २ सय ९३ हेक्टर) क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ (चार्ट ३) ।

### चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

*नोट: मकवानपुर जिल्लाबाट कुल खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको तथ्याङ्क प्राप्त नभएको ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल २२.६ प्रतिशतले वृद्धि भएको छ भने कुल खेती गरिएको क्षेत्रफल ६.७ प्रतिशतले बढेको छ । गत वर्ष सिञ्चित क्षेत्रफल ७.० प्रतिशतले वृद्धि भएको थियो भने कुल खेती गरिएको क्षेत्रफल ५.५ प्रतिशतले घटेको थियो ।

## ३.५ कृषि कर्जा

२०८२ असार मसान्तमा यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.३ प्रतिशतले वृद्धि आई रु.१ खर्ब २१ अर्ब पुगेको छ । गत वर्ष यस्तो कर्जा ५.१ प्रतिशतले घटेको थियो । यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ३.७ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् । कुल कृषि कर्जा मध्ये बागमती प्रदेशमा प्रवाह भएको कृषि कर्जाको हिस्सा ३६.१६ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा बढी ५२.६ प्रतिशत, चितवन जिल्लाको हिस्सा २३.१ प्रतिशत, मकवानपुर जिल्लाको हिस्सा ४.७ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा ४.३ प्रतिशत र दोलखा जिल्लाको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ (तालिका ३.४) । जिल्लागत कृषि कर्जाको अवस्था हेर्दा काठमाडौं र चितवनमा अधिकेन्द्रित भएको देखिन्छ । अधिकांश बैंक तथा वित्तीय संस्थाहरूको कर्जा सीमा बमोजिम केन्द्रीय एवम् क्षेत्रीय कार्यालयहरूबाट कर्जा स्वीकृत हुने र त्यस्ता कार्यालयहरू धेरैजसो काठमाडौं जिल्लामा भएको कारण सो जिल्लाहरूको कृषि कर्जाको हिस्सा बढी देखिने गरेको अनुमान छ ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ५५६.०५ | ०.५ |
| सिन्धुपाल्चोक | १०७५.३५ | ०.९ |
| रसुवा | ६६९.६७ | ०.५ |
| धादिङ | ३७७०.६९ | ३.१ |
| नुवाकोट | ३६०८.४३ | ३.० |
| काठमाडौं | ६४०४६.५२ | ५२.६ |
| भक्तपुर | २८७८.३३ | २.४ |
| ललितपुर | ३३७६.०६ | २.८ |
| काभ्रेपलाञ्चोक | ५१७८.९२ | ४.३ |
| रामेछाप | ७०२.७५ | ०.६ |
| सिन्धुली | १९७४.२९ | १.६ |
| मकवानपुर | ५७६८.९६ | ४.७ |
| चितवन | २८१५७.७२ | २३.१ |
| **जम्मा** | **१२१७६३.७४** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.६ कृषि क्षेत्रका चुनौती तथा सम्भावना

### ३.६.१ चुनौती

१. कृषि पेसाको व्यावसायीकरण तथा आधुनिकीकरणमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु चुनौतीपूर्ण छ ।

२. खेतीयोग्य जमिनको खण्डीकरण, बाँझो राख्ने तथा घडेरीमा परिणत हुने क्रम बढेसँगै खेतीयोग्य जमिनको उपलब्धता घट्दै गएको हुनाले कृषियोग्य जमिनको संरक्षण गरी उत्पादन बढाउनु चुनौतीपूर्ण छ ।

३. कृषि क्षेत्रको व्यावसायीकरणको लागि पहुँचमार्ग विकास गर्नु चुनौतीपूर्ण छ ।

४. बाढी, पहिरो र प्राकृतिक प्रकोपहरूले कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ । साथै बाली तथा पशु वीमामार्फत कृषकलाई हुने क्षति न्यूनीकरणको लागि वीमा प्रारम्भदेखि भुक्तानीसम्म प्रभावकारीरूपमा व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ ।

५. आयात गरिएको तरकारी तथा फलफूलको कारण किसानहरूले नेपालमा उचित मूल्य पाउन सकेका छैनन् । अतः त्यस्ता उत्पादनसँग प्रतिस्पर्धा बढाई उत्पादन बढाउनु चुनौतीपूर्ण रहेको छ ।

६. कृषि पूर्वाधारको विकास, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउ तथा मल, सिँचाई, कृषि कर्जा तथा अनुदानलगायत कृषकलाई आवश्यक सहायता प्रभावकारी रूपमा उपलब्ध गराउनु चुनौतीपूर्ण छ ।

७. कृषकदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खलालाई प्रभावकारी बनाई कृषक र उपभोक्तालाई अधिकतम लाभ उपलब्ध गराउनु चुनौतीपूर्ण छ ।

८. युवा वर्ग सहर वा विदेशतर्फ पलायन भएपछि कृषि कार्यमा आवश्यक श्रमिक अभाव भएकोले उत्पादन घटेको अवस्थामा युवाहरूको कृषिप्रति आकर्षण बढाउने कार्य चुनौतीपूर्ण छ ।

९. मौसम पूर्वानुमान अनुमानयोग्य नहुँदा कृषि बाली लगाउने, कृषि उपज काट्ने तथा थन्क्याउने कार्यको व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ ।

### ३.६.२ सम्भावना

१. स्थानीय सरकारको पहलमा बागमती प्रदेशका पहाडी जिल्लामा बाँझो जमिनलाई नगदे बालीका लागि व्यवस्थित रूपमा उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व दीर्घकालीन रूपमा वृद्धि हुने सम्भावना रहेको छ ।

२. कृषि पर्यटन, ग्रामीण विद्युतीकरण (कृषि फर्मलाई सहयोग हुने गरी), कृषि सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रम तथा नवीन प्रविधिमार्फत व्यावसायिक कार्यक्रम ल्याई पर्यटकहरूलाई Agrotourism तर्फ आकर्षित गर्नसक्ने सम्भावना रहेको छ ।

३. पशुपन्छीका संक्रामक रोगहरूको जोखिम बढिरहेको अवस्थामा समयमा नै रोगको निदान गरी उपचार गर्न प्रदेशस्तरमा राष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्न सके यस प्रदेशमा पशुपालनको प्रचुर सम्भावना रहेको छ ।

४. यस प्रदेशमा संघीय राजधानीबाहेक बनेपा, धुलिखेल, नारायणघाट, हेटौंडाजस्ता उच्च जनसङ्ख्या रहेका सहरहरू अवस्थित हुनुका कारण प्रशोधित खाद्यान्न, तरकारी, फलफूल, माछा, मासुलगायतका वस्तुहरूको लागि बजारको व्यापक सम्भावना रहेको छ ।

५. जडीबुटी तथा रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धन गर्दै प्राङ्गारिक उत्पादनमा वृद्धि गरी आन्तरिक र बाह्य बजारमा बिक्री गर्ने सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३८.७ प्रतिशत रहेको छ । गत वर्ष यस्तो क्षमता उपयोग ४४.३ प्रतिशत रहेको थियो । नमुना छनौटमा परेका उद्योगहरूमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने लत्ता कपडा मध्येको गार्मेण्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको छ ।

समीक्षा वर्षमा नमुना छनौटमा समेटिएका उद्योगका उत्पादनमध्ये बियर, चुरोट, टान्सफर्मर तथा औषधीमध्येको ट्याब्लेट, क्याप्सुल, ओइन्टमेन्ट, ड्राइसिरप र लिक्विडको उत्पादन बढेको छ भने प्रशोधित दूध, पशुदाना, चाउचाउ, हल्का पेय पदार्थ, पश्मिना, गार्मेण्ट, रंग, इँटा, बिजुलीको उत्पादन घटेको छ ।

समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरूले ६,०७८ स्वदेशी र १८८ विदेशी गरी कुल ६,२६६ जनालाई रोजगारी प्रदान गरेका छन् ।

**चार्ट ४.१: आ.व. २०८१/८२ मा प्रमुख उद्योगहरूको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोतः नमुना छनौटमा समेटिएका उद्योगहरू ।*

## ४.२ बागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण

बागमती प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू काठमाडौं उपत्यका, चितवन र मकवानपुरमा अवस्थित छन् । यस प्रदेशमा रहेका प्रमुख उद्योगहरूमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोसाक, सुतीको तयारी पोसाक, सजावटका सामान, चाउचाउ, बिस्कुट, पेय पदार्थ, इँटा, औषधी र सिमेन्ट उद्योगहरू पर्दछन् ।

आर्थिक वर्ष २०८१/८२ मा कुल ५४३ उद्योगहरू दर्ता भएका छन् । स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनले बागमती प्रदेशको आर्थिक विकासमा थप टेवा पुग्ने देखिन्छ ।

तालिका ४.१ : बागमती प्रदेशमा २०८१ साउनदेखि २०८२ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण

| जिल्ला | उद्योग सङ्ख्या | रू. दस लाखमा | | | प्रस्तावित रोजगारी सङ्ख्या |
|---|---|---|---|---|---|
| | | कुल पुँजी | स्थिर पुँजी | कार्यशील पुँजी | |
| सिन्धुपाल्चोक | १ | २५०.० | २००.० | ५०.० | ३४ |
| रसुवा | १ | १५००.० | १११०.० | ३९०.० | २९ |
| धादिङ | ८ | २३३१०.४ | २१५७४.३ | १७३६.० | ४६२ |
| नुवाकोट | २ | ५१००.० | ३८००.० | १३००.० | ९० |
| काठमाडौं | ३४० | ४४२८४६.८ | ३६४८२३.२ | ७८०२३.६ | १५८५८ |
| भक्तपुर | ८३ | ५१४२७.९ | ४३८३४.२ | ७५९३.७ | ३४६६ |
| ललितपुर | ७४ | ८६३०९.३ | ३१९३१.५ | ५४३७७.८ | २२२२ |
| काभ्रेपलाञ्चोक | ८ | १८३७८.८ | १७०२६.१ | १३५२.७ | ३८० |
| रामेछाप | ३ | ६७७४.६ | ६४१३.४ | ३६१.१ | ८१ |
| मकवानपुर | १४ | ६४२२५.४ | ४६२२२.४ | १८००२.९ | १०३९ |
| चितवन | ९ | १९६१५.० | १२५३९.५ | ७०७५.५ | ४३२ |
| जम्मा (कुल) | ५४३ | ७१९७३८.१ | ५४९४७४.७ | १७०२६३.४ | २४०९३ |

*स्रोतः उद्योग विभाग ।*

आर्थिक वर्ष २०८१ साउनदेखि २०८२ असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका ५४३ वटा उद्योगहरूको प्रस्तावित कुल पुँजी रु. ७१ अर्ब ९७ करोड रहेको छ। प्रस्तावित उद्योगहरूले कुल २४ हजार ९३ जनालाई रोजगारी दिन सक्ने देखिन्छ।

## ४.३ औद्योगिक कर्जा

२०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका उद्योगहरूमा प्रवाह गरेको कर्जा १३.८ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ११ अर्ब ५ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा ११.५ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ६३ अर्ब ९४ करोड पुगेको थियो (तालिका ४.१)। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३६.४ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.११ खर्ब १९ अर्ब ३० करोड (९२.४ प्रतिशत) कर्जा लगानी रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.१३ करोड (०.०१ प्रतिशत) कर्जा लगानी रहेको छ (तालिका ४.२)। अधिकांश औद्योगिक प्रतिष्ठानहरूको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकोले औद्योगिक कर्जाको उच्च हिस्सा काठमाडौंमा देखिएको अनुमान छ।


तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा

| जिल्ला | रकम (रु दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ७३०.४० | ०.०६ |
| सिन्धुपाल्चोक | ४६३.८१ | ०.०४ |
| रसुवा | १३६.५५ | ०.०१ |
| धादिङ | २,१६५.४७ | ०.१८ |
| नुवाकोट | १,५५६.६७ | ०.१३ |
| काठमाडौं | १,११९,३०८.८८ | ९२.४२ |
| भक्तपुर | ७,५८७.३४ | ०.६३ |
| ललितपुर | २८,३३३.२८ | २.३४ |
| काभ्रेपलाञ्चोक | ४,४३७.९७ | ०.३७ |
| रामेछाप | ५५२.५८ | ०.०५ |
| सिन्धुली | १,३७९.९६ | ०.११ |
| मकवानपुर | ८,९७१.६७ | ०.७४ |
| चितवन | ३५,४२८.२९ | २.९३ |
| **जम्मा** | १२११०५२.८७ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक।*

कुल औद्योगिक कर्जामा विद्युत्, ग्याँस तथा पानी उद्योगको हिस्सा ३६.५ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगको हिस्सा ३१.५ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगको हिस्सा १५.० प्रतिशत, निर्माण उद्योगको हिस्सा १२.८ प्रतिशत, धातुका सामान उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स उद्योगको हिस्सा ३.५ प्रतिशतले र खानी उत्पादनसम्बन्धी उद्योगको हिस्सा ०.७ प्रतिशत रहेको छ ।

**चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा २२.०९ प्रतिशतले, विद्युत्, ग्याँस तथा पानीमा २१.१ प्रतिशतले, निर्माण उद्योगमा १५.३० प्रतिशतले र गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ४.९० प्रतिशतले कर्जा बढेको छ भने खानी उत्पादनसम्बन्धी उद्योगमा १.३४ प्रतिशतले र धातुका सामान उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स उद्योगमा २.५८ प्रतिशतले कर्जा घटेको छ ।

**बक्स नं. १ एकता प्लाष्टिक प्रोडक्ट्स प्रा.लि., हेटौंडा औद्योगिक क्षेत्र, मकवानपुर**

वागमती प्रदेशको मकवानपुर जिल्लामा अवस्थित हेटौंडा औद्योगिक क्षेत्र वि.सं.२०२० मंसिर २० गते स्थापना भएको हो । यो औद्योगिक क्षेत्र मुलुकको सबैभन्दा ठुलो व्यापारिक नाका वीरगञ्ज र राजधानी काठमाडौंको मध्यभागमा अवस्थित मकवानपुर जिल्लाको त्रिभुवन राजपथ र पूर्व पश्चिम (महेन्द्र) लोकमार्गसँगै जोडिएको तथा दक्षिणतर्फको चुरे वन क्षेत्रको काखमा अवस्थित छ । यस क्षेत्रभित्र एकता प्लाष्टिक प्रोडक्स् प्रा.लि. वि.सं.२०६७ मा स्थापना भएको हो ।



यस उद्योगको रु. ६० लाख चुक्ता पुँजी र रु.५० लाख नगद गरी कुल रकम रु.१ करोड १० लाख लगानीबाट वार्षिक कारोबार हाल करिब रु.१० करोड बराबरको हुने गरेको देखिन्छ । यस फर्मले व्यवसाय विस्तार तथा क्षमता अभिवृद्धि गर्ने क्रममा बैंकबाट कर्जा उपभोग गरिरहेको छ भने वार्षिक करिब रु. ३० लाख कर भुक्तानी गरेको छ ।

हाल यस कम्पनीले २६ जनाभन्दा बढी व्यक्तिहरूलाई रोजगारी दिएको छ । जसमध्ये १६ जना पुरुष र १० जना महिला कर्मचारी रहेका छन् । साथै, यस कम्पनीले समुदायप्रति आफ्नो दायित्वलाई बुझ्दै संस्थागत

सामाजिक उतरदायित्व (Corporate Social Responsibility) अन्तर्गत विभिन्न रणनीतिक कार्यक्रमहरूमार्फत दिगो एवम् सकारात्मक प्रभावहरू सिर्जना गर्दै आइरहेको छ ।

एकता प्लाष्टिक प्रोडक्ट्स प्रा.लि.ले हेटौंडा क्षेत्रमा फोहोर व्यवस्थापनसम्बन्धी (3R-Reduce, Reuse, Recycle) अवधारणालाई प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ । प्लास्टिक Reuse तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरूमार्फत कम्पनीले वातावरणीय प्रदूषण घटाउन र चक्रीय (Circular) अर्थतन्त्रलाई अगाडि बढाउन सहयोग गरिरहेको छ ।

*स्रोत : स्थलगत सर्वेक्षण ।*

## ४.४ औद्योगिक क्षेत्रको चुनौती तथा सम्भावना

### ४.४.१ चुनौती

१. प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त सडक पूर्वाधार समयमै पुननिर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न भई उद्योगहरूको सञ्चालन खर्च बढेकोले समयमै सडकहरूको पुनर्निर्माण/स्तरोन्नति गरी ढुवानी सहज बनाउनु चुनौतीपूर्ण छ ।

२. जग्गाको मूल्यमा भएको अधिक वृद्धि, उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक पूर्वाधारहरू (जस्तै सडकमार्ग, पानी, फोहोर व्यवस्थापन, श्रमशक्ति, बजारीकरण) को अभावमा नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. विदेश पलायन हुने युवाहरूको सङ्ख्या उल्लेख्य रहनु, आर्थिक गतिविधि अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु साथै दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव र बजारको अभाव आदिको अवस्थामा थप उद्योग स्थापना तथा उत्पादकत्व वृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

४. धितोमा आधारित कर्जा विस्तार पद्धतिले साना तथा मझौला उद्योगका लागि वित्तीय स्रोतको उपलब्धता बढाउनु चुनौतीपूर्ण छ ।

५. सञ्चालित उद्योगहरूको कच्चा पदार्थको लागि आयातमा भर पर्नु परिरहेको अवस्थामा कच्चा पदार्थमा परनिर्भरता कम गर्नु चुनौतीपूर्ण छ ।

६. विश्वबजारमा आपूर्तिजन्य असहजता र करका प्रावधानहरू लगायतका व्यवधानले कतिपय निर्यातजन्य उद्योगहरूको निकासीमा अन्यौल देखिएकाले त्यस्ता उद्योगहरूको स्थायित्व चुनौतीपूर्ण छ ।

### ४.४.२ सम्भावना

१. घट्दो ब्याजदरको अवस्थामा उद्योगीहरूले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गरी औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने सम्भावना रहेको छ ।

२. नेपालको जनसङ्ख्याको सबैभन्दा धेरै जनसङ्ख्या रहेको यस प्रदेशमा औद्योगिक उत्पादनको बजारीकरणको प्रचुर सम्भावना रहेको छ ।

३. दोलखा जिल्लामा रहेको प्राकृतिक ग्यासको व्यावसायिक उत्पादन गर्न सकेमा बहुआयामिक अवसरहरूको सृजना गर्न सकिने सम्भावना रहेको छ ।

४. भौतिक पूर्वाधार निर्माणको कार्यलाई तीव्ररूपमा अगाडि बढाउन सकेमा निर्माण सामग्रीहरू फलाम, सिमेन्ट, इट्टालगायत उत्पादन गर्ने उद्योगहरूको कारोबार बढ्न सक्ने देखिन्छ ।

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सीप अनुसारको व्यवसाय सञ्चालनको लागि प्रोत्साहन गर्न सके उत्पादन र रोजगारी अभिवृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।

६. हिमाली भेगको पानी र जडिबुटी प्रशोधन/ब्राण्डिङ गरी बिक्री वितरण गर्ने निर्यात उद्योगहरूको क्षमता विस्तार तथा थप उद्योग स्थापना गरी निर्यात गर्न सकिने प्रचुर सम्भावना रहेको छ।


७. कागज, प्लाष्टिक, फलामलगायतका स्कायाप सङ्कलन गरी व्यवस्थापन गर्ने तथा त्यस्ता स्कायापलाई कच्चा पदार्थ बनाई उत्पादन गर्ने उद्योगलाई ग्रिन उद्योगको मान्यता दिई स्थापना तथा सञ्चालनमा प्रोत्साहित गर्ने र स्थानीय तहबाट पनि त्यस्ता उद्योगहरूलाई करमार्फत सहुलियत दिन सकिएमा यस्ता उद्योग स्थापना भई सहरी फोहोर व्यवस्थापन सहज हुने अवस्था रहेको छ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ मा अध्ययनमा समेटिएका होटलहरूको औसत अकुपेन्सी ५७.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष औसत अकुपेन्सी ५१.९ प्रतिशत रहेको थियो। विदेशी पर्यटकका साथै आन्तरिक पर्यटकहरू बढेकाले होटल, रेष्टुरेन्ट तथा ट्रेकिङलगायतका पर्यटकीय गतिविधिहरू बढ्दै गएका छन्।

**चार्ट ५.१ : बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी दर (प्रतिशतमा)**




*स्रोत: स्थलगत सर्वेक्षण (२०८२)।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा प्रदेशमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या २५ प्रतिशतले घटेको छ (तालिका ५)। गत वर्षको सोही अवधिमा सो सङ्ख्या १८.१० प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व २३.६ प्रतिशतले घटेर रु.१ खर्ब ३९ अर्ब कायम भएको छ। गत वर्षको सोही अवधिमा पनि यस्तो राजस्व २६.२३ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या १.७ प्रतिशतले घटेको छ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| शीर्षक | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १३१४५१.०० | ९८६४८.०० | -२५.० |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १३९७६.०० | १३७३९.०० | -१.७ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | १८२७०.६३ | १३९६४.१९ | -२३.६ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*

*१ घर/भवन स्थायी नक्सा पास सङ्ख्याको तथ्याङ्क बागमती प्रदेशका ३६ वटा स्थानीय तहमा आधारित।*

## बक्स नं. २-कालिञ्चोक; आकर्षक धार्मिक तथा पर्यटकीय स्थल

बागमती प्रदेशको दोलखा जिल्लामा अवस्थित कालिञ्चोक भगवती मन्दिर काठमाडौंबाट करिब १५० किलोमिटरको दूरीमा र समुद्र सतहबाट ३८४२ मिटर उचाइमा रहेको प्राकृतिक मनोरम धार्मिक स्थल हो। दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिव १७ किलोमिटर उत्तरमा रहेको उक्त मन्दिरस्थलमा पछिल्ला वर्षहरूमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्दै गएको छ। प्राकृतिक रमणीय र धार्मिक पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित हुँदै गएको उक्त क्षेत्रमा स्थानीयको आर्य आर्जन र रोजगारीमा सकरात्मक प्रभाव देखिएको छ।

उक्त क्षेत्रमा बाह्रै महिना पुग्न सकिने भए पनि वर्षाको समय (असार, साउन र भदौ) मा पर्यटकको आवागमन कम हुने गरेको देखिएको छ। विशेष गरी शारदीय नवरात्रको समयमा भगवतीको दर्शन गर्न र हिमपातको समय मङ्सिरदेखि फागुनसम्म सो क्षेत्रमा पर्यटकको चाप हुने गरेको पाइन्छ।




*स्रोत : https://kalinchowkdarshan.com.np/album/kalinchowk-darshan-1*

राजधानी काठमाडौँको कोलाहल र तनावबाट केही समय मुक्त हुन उपयुक्त विकल्पको रूपमा कालिञ्चोक परिचित हुदै गएको छ। काठमाडौंबाट बनेपा, धुलीखेल, पाँचखाल, दोलालघाट, खाडीचौर, मुढे हुँदै पुग्न सकिने यो क्षेत्रमा चरिकोटदेखि मन्दिर तथा मुढेदेखि मन्दिरसम्म पदमार्ग समेत रहेको छ। काठमाडौंदेखि कालिञ्चोकको यात्राको क्रममा भोटेकोशी डुँगासयर, बञ्जी जम्पिङ, स्थानीय माछाको परिकार, मुढेको आलु तथा अन्य स्थानीय गतिविधिको कारणले समेत यस क्षेत्रमा पर्यटकीय गतिविधि बढ्दो क्रममा रहेको देखिन्छ। पछिल्ला वर्षहरूमा कालिञ्चोक जाने पर्यटकहरूको सङ्ख्या बढ्दै गएकोले यो मन्दिरको आधारस्थल कुरीमा होटलहरूको सङ्ख्या पनि थपिदै गएको छ । कुरीदेखि कालिञ्चोक मन्दिरसम्म जान निजी तथा स्थानीयस्तरको सहकार्यबाट केबलकारको व्यवस्था समेत रहेको छ।

दोलखाको कालिञ्चोक मन्दिरको अतिरिक्त यस क्षेत्रमा चरिकोटबाट ५२ किलोमिटर पूर्वमा नेपालको स्विट्जरलैण्ड भनेर चिनिने जिरी उपत्यका, काठमाडौं चरिकोट बाटोमा पर्ने मुढेबाट दक्षिणतर्फ अवस्थित शैलुङ क्षेत्र र चरिकोटनजिकै रहेको सुप्रसिद्ध दोलखा भीमसेन मन्दिरसमेत रहेकाले सो क्षेत्रको भौतिक पूर्वाधारको स्तरोन्नति, व्यवस्थित भ्रमण प्याकेजको व्यवस्था र थप प्रचार-प्रसार गर्न सकिएमा प्रर्यटन प्रर्वद्धनमा थप योगदान पुग्ने देखिन्छ।

*स्रोत : स्थलगत सर्वेक्षण।*

## ५.३ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.१ अर्ब ९६ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा रु.१ अर्ब ९१ करोड फण्ड ट्रान्सफर भएको थियो ।

## ५.४ शिक्षा

बागमती प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार शैक्षिक सत्र २०८० मा ६,८३७ विद्यालय सञ्चालनमा रहेकोमा शैक्षिक सत्र २०८१ मा सो सङ्ख्या २.१२ प्रतिशतले घटेर ६,६९२ रहेका छन् । त्यसैगरी, शैक्षिक सत्र २०८० मा कुल विद्यार्थी सङ्ख्या १३ लाख ४६ हजार ८ सय ५८ रहेकोमा शैक्षिक सत्र २०८१ मा १.५८ प्रतिशतले बढेर कुल विद्यार्थी सङ्ख्या १३ लाख ६८ हजार २ सय ३९ रहेको छ । शैक्षिक सत्र २०८१ म भर्ना भएका १३ लाख ६८ हजार मध्ये ४७.५८ प्रतिशत विद्यार्थी सामुदायिक र ५२.४१ प्रतिशत संस्थागत विधालयमा भर्ना भएका छन् ।

बागमती प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार बाग्मती प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त गरी सञ्चालित १८ आङ्गिक शिक्षालय, ११५ सामुदायिक शिक्षालय र १५१ सार्वजनिक-निजी शिक्षालय गरी जम्मा २८४ शिक्षालयहरू रहेका छन् ।

## ५.५ वित्तीय सेवा

यस प्रदेशमा २०८२ असार मसान्तसम्ममा वाणिज्य बैंकका १८४३, विकास बैंकका ३३२, वित्त कम्पनीका १०९, लघुवित्त वित्तीय संस्थाका ७५४ तथा पूर्वाधार विकास बैंकको १ गरी जम्मा ३०३८ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाडौंमा सबैभन्दा बढी १ हजार २ सय ४ शाखा सञ्चालनमा रहेका छन् ।


**तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरूको जिल्लागत विवरण**

| जिल्ला | २०८१ असार | २०८२ असार |
|---|---|---|
| दोलखा | ६५ | ६६ |
| सिन्धुपाल्चोक | ९६ | ९६ |
| रसुवा | ५२ | ५२ |
| धादिङ | १५२ | १५२ |
| नुवाकोट | ११६ | ११६ |
| काठमाडौं | १२०५ | १२०४ |
| भक्तपुर | १७३ | १७३ |
| ललितपुर | ३१७ | ३१८ |
| काभ्रेपलाञ्चोक | १८७ | १८६ |
| रामेछाप | ५५ | ५६ |
| सिन्धुली | ११२ | ११३ |
| मकवानपुर | १५८ | १५८ |
| चितवन | ३५१ | ३४८ |
| **जम्मा** | ३०३९ | ३०३८ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

बागमती प्रदेशका सबै ११९ स्थानीय तहहरूमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति पुगेको छ । बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा १०.८४ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा रु.४७ खर्ब ९७ अर्ब ५९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.५९ प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति (रु.दस लाखमा)




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ११.३५ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा रु.३३ खर्ब २३ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ८.५३ प्रतिशतले वृद्धि भएको थियो । प्रदेशमा २०८२ असार मसान्तमा कर्जा निक्षेप अनुपात ६९.२७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ६८.९५ प्रतिशत रहेको थियो ।

## ५.६ स्वास्थ्य

बागमती प्रदेशमा २०८१ फागुन मसान्तमा कुल प्रादेशिक अस्पताल १३, विशिष्टीकृत अस्पताल २७, आधारभूत अस्पताल (५-१५ शैया) ८०, अस्पताल (२५-५० शैया) ८२, अस्पताल (१००-३०० शैया) २५, शिक्षण अस्पताल १३, जन स्वास्थ्य कार्यालय १३, आयुर्वेद स्वास्थ्य केन्द्र १३, आयुर्वेद औषधी उत्पादन केन्द्र १, प्राथमिक स्वास्थ्य केन्द्र २९, स्वास्थ्य चौकी ६४२, सहरी स्वास्थ्य केन्द्र १८७, आधारभूत स्वास्थ्य केन्द्र १९०, सामुदायिक स्वास्थ्य इकाइ १८१, आयुर्वेद औषधालय ५०, निजी अस्पताल १५५०, नागरिक आरोग्य केन्द्र ५२ गरी जम्मा ३१४८ स्वास्थ्य संस्था रहेका छन् ।

यस प्रदेशमा सरकारी स्वास्थ्य सेवातर्फ ७२४ दरबन्दी सङ्ख्या रहेकोमा २०८१ फागुन मसान्तसम्म २९७ जनाको मात्र स्थायी पदपूर्ति भएको छ जसअन्तर्गत ६३ जना चिकित्सक रहेका छन् । प्रदेशको ८ सय ४८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार भैसकेको छ । त्यसैगरी, स्वास्थ्य बीमा कार्यक्रम प्रदेशका १३ वटै जिल्लामा कार्यान्वयनमा रही २०८१ फागुन मसान्तसम्म बीमित परिवारको सङ्ख्या ३ लाख ५३ हजार ४ सय ४२ पुगेको छ (स्रोतः बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०८१/८२) ।

## ५.७ यातायात

आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशमा सवारी दर्ता सङ्ख्या ४५.२ प्रतिशतले बढेर १ लाख ३५ हजार ८ सय ६६ पुगेको छ । यसमध्ये मोटरसाइकल सङ्ख्या १९.७ प्रतिशतले बढेको छ भने अन्य सवारी साधन सङ्ख्या ३२७.९ प्रतिशतले बढेको छ ।

तालिका ५.३: यातायातका साधनको विवरण

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ |
| मोटरसाइकल | ८३५७१.० | ८५८७४.० | १०२८११.० | २.८ | १९.७ |
| अन्य | १४७९९.० | ७७२५.० | ३३०५५.० | -४७.८ | ३२७.९ |
| यातायातका साधनको कुल सङ्ख्या | ९८३७०.० | ९३५९९.० | १३५८६६.० | -४.९ | ४५.२ |

*स्रोत: यातायात पूर्वाधार निर्देशनालय, डिभिजन सडक कार्यालय।*

## ५.८ सेवा क्षेत्र कर्जा

२०८२ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा अघिल्लो वर्षको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रु.१९ खर्ब ९० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.९ प्रतिशतले बढेको थियो। यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.९ प्रतिशत रहेको छ।

कुल सेवा क्षेत्रअन्तर्गत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा १५.०५ प्रतिशतले, पर्यटन क्षेत्रमा १५.१७ प्रतिशतले, उपभोग्य क्षेत्रमा १६.२९ प्रतिशतले, रियल स्टेट क्षेत्रमा ६.३४ प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रमा ८.१६ प्रतिशतले कर्जा वृद्धि भएको छ भने यातायात, भण्डारण र सञ्चार क्षेत्रमा २.५४ प्रतिशतले कर्जा घटेको छ।

तालिका ५.४: जिल्लागत सेवा क्षेत्र कर्जा

| जिल्ला | रकम (रु.दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ५,१८२.६८ | ०.३ |
| सिन्धुपाल्चोक | ५,६१४.५४ | ०.३ |
| रसुवा | २,१३९.५१ | ०.१ |
| धादिङ | २२,५८२.०५ | १.१ |
| नुवाकोट | १४,५१८.३१ | ०.७ |
| काठमाडौं | १,४९४,७९३.०९ | ७५.१ |
| भक्तपुर | ६०,८१२.७८ | ३.१ |
| ललितपुर | १४८,०९३.९५ | ७.४ |
| काभ्रेपलाञ्चोक | ४५,९१६.६७ | २.३ |
| रामेछाप | ३,८५७.५४ | ०.२ |
| सिन्धुली | १०,७६२.३८ | ०.५ |
| मकवानपुर | ४७,७९४.६७ | २.४ |
| चितवन | १२८,४३०.९६ | ६.५ |
| **जम्मा** | **१,९९०,४९९.१३** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

सेवा क्षेत्रअन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७५.१ प्रतिशत) रहेको छ (तालिका ५.३)। अधिकांश बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको र ठूला रकमको कर्जा स्वीकृति केन्द्रीय कार्यालयबाट हुने भएकोले सेवा कर्जाको उच्च हिस्सा काठमाडौंमा देखिएको अनुमान छ।

## ५.९ सहकारी

आर्थिक वर्ष २०८१/८२ मा वागमती प्रदेशका सहकारीहरूमध्ये नमुना छनौटमा परेका ८ वटा सहकारीहरूको २०८२ असार मसान्तसम्म कुल पुँजी रु.५ अर्ब ३२ करोड रहेको छ (तालिका ५.६)। त्यसैगरी, यी सहकारी संस्थाहरूमा रु.१२ अर्ब ८५ करोड ६६ लाख कुल बचत रहेको छ भने कुल ऋण रु.९ अर्ब ७८ करोड रहेको छ। यी सहकारी संस्थाहरूमा कुल बचत २०८१ असार मसान्तको तुलनामा २.७९ प्रतिशतले बढेको छ भने कुल कर्जा ४.०२ प्रतिशतले घटेको छ। अध्ययनमा समेटिएका सहकारी संस्थाहरूको २०८२ असार मसान्तमा कुल ९४,२५८ सदस्यहरू र कुल १५६ जना कर्मचारीहरू रहेका छन्। समीक्षा वर्षमा नमुना छनौटमा समेटिएका सहकारी संस्थाहरूमा कर्मचारी सङ्ख्या ३४.४५ प्रतिशतले घटेको छ।

**तालिका ५.५ : छनौटमा परेका ८ सहकारी संस्थाहरूको २०८२ असार मसान्तसम्मको विवरण**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु.करोडमा) | ४९२.५६ | ५५४.९६ | ५३२.६४ | १२.६७ | -४.०२ |
| कुल बचत (रु. करोडमा) | ११८२.९ | १२५०.८ | १२८५.६ | ५.७४ | २.७९ |
| कुल ऋण (रु. करोडमा) | १०६३.४ | १८१४.८ | ९७८.०६ | -७.७० | -०.३५ |
| **सदस्य सङ्ख्या** | १०१८६८ | ९६७११ | ९४२५८ | -५.०६ | -२.५४ |
| **कर्मचारी सङ्ख्या** | ३१६ | २३८ | १५६ | -२४.६८ | -३४.४५ |

*स्रोत: नमुना छनौटमा परेका सहकारी संस्थाहरू।*

## ५.१० सेवा क्षेत्रको चुनौती तथा सम्भावना

### ५.१०.१ चुनौती

१. पर्यटकीय गन्तव्यहरूको पहिचान तथा विकासमार्फत पर्यटक बसाइ लम्ब्याउनु साथै पर्यटकीय पूर्वाधारको विकास तथा स्तरोन्नतिलगायत पर्यटकीय सेवाको विविधीकरणमार्फत पर्यटन क्षेत्रको दिगो विकास गर्नु चुनौतीपूर्ण रहेको छ।

२. सूचना प्रविधिको क्षेत्रलाई व्यावसायीक रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाउने कार्य चुनौतीपूर्ण रहेको छ।

३. काठमाडौ उपत्यकालगायत प्रदेशका अन्य सहरहरूमा निजी क्षेत्रबाट सञ्चालित शिक्षा र स्वास्थ्य सेवासम्बन्धी संस्थाहरूको सेवा शुल्क कम गराई गुणस्तरीय सेवा उपलब्ध गराउनु चुनौतीपूर्ण छ।

४. आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीमा पलायन हुने क्रम बढिरहेको अवस्थामा आन्तरिक रोजगारीका अवसरहरू सिर्जना गर्नु चुनौतीपूर्ण छ।

५. वित्तीय क्षेत्रमा बढ्दो प्रविधिको प्रयोगसँगै यसबाट हुने सुरक्षा चुनौतीको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ।

### ५.१०.२ सम्भावना

१. यस प्रदेशमा धार्मिक तथा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेकाले विदेशी पर्यटकहरूको बसाइ अवधि लम्ब्याउन सकिनुका साथै देशगत रूपमा भित्रिने पर्यटकको चाहनाअनुसारको पर्यटन

प्याकेज विकास गर्न सके पर्यटक आगमन सङ्ख्या र बसाई अवधि बढाउन सकिने सम्भावना रहेको छ ।

२. प्रदेशले समय समयमा लगानी सम्मेलन आयोजना तथा Red Carpet Hosting गरी स्वदेशी तथा विदेशी लगानी भित्र्याउन सकिने सम्भावना रहेको छ ।

३. सूचना प्रविधि क्षेत्रमा द्रुत गतिमा भइरहेको डिजिटल रूपान्तरणको परिप्रेक्ष्यमा IT सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

४. सार्वजनिक स्थान तथा नागरिकको बढी आकर्षण हुने स्थानहरू पहिचान गरी यस्ता स्थानहरूमा निःशुल्क High Speed इन्टरनेट प्रदान गरी सेवाको गुणस्तर सुधार गर्न सकिने सम्भावना रहेको छ ।

५. सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई सजिलो बनाउन निशुल्क इन्टरनेट तथा स्क्यान एण्ड पे सुविधा उपलब्ध गराउने तथा सार्वजनिक यातायातमा ट्राभल कार्डबाट भुक्तानी गर्ने व्यवस्था मिलाई सार्वजनिक यातायात व्यवस्थापनलाई आधुनिकीकरण गर्ने तथा नगदरहित कारोवारलाई प्रोत्साहित गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

यस प्रदेशमा पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालयहरू क्रियाशील रहेका छन् ।

**तालिका ६.१: सडक पूर्वाधारतर्फ आ.व. २०८१/८२ सम्मको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७९/८० असार मसान्तसम्म | आ.व. २०८०/८१ को प्रगति | आ.व. २०८१/८२ को प्रगति | जम्मा |
|---|---|---|---|---|---|
| नयाँ सडक निर्माण | कि.मि | १०४३.५६ | १०१.५० | ९०.४२ | १२३५.४८ |
| ग्राभेल सडक (स्तरोन्नति) | कि.मि | ८३८.७१ | ११०.०९ | १४८.९३ | १०९७.७३ |
| कालोपत्रे र ढलान सडक (स्तरोन्नति) | कि.मि | ९६३.४३ | २९०.५१ | ३६२.२३ | १६१६.१७ |
| सडक मर्मत (नियमित) | कि.मि | १०१७.४३ | ४०५.०० | ५१०.६० | १९३३.०३ |
| सडक पुल | गोटा | ९५ | ३७ | ३७ | १६९ |
| झोलुंगे पुल | गोटा | १३ | १२ | ७ | ३२ |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश ।*

आर्थिक वर्ष २०८१/८२ मा नयाँ सडक निर्माण ९०.४२ कि.मि., ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमशः १४८.९३ कि.मि. र ३६२.२३ कि.मि. भएको छ। साथै, सोही अवधिमा ५१०.६० कि.मि. सडकको नियमित मर्मत भएको छ। त्यसैगरी, ३७ वटा सडक पुल र ७ वटा झोलुङ्गे पुल निर्माण भएका छन् ।

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म यस प्रदेशमा कुल १२३५.४८ कि.मि. नयाँ सडक निर्माण भएको छ भने ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमशः १०९७.७३ कि.मि.र १६१६.१७ कि.मि. भएको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना

### ६.२.१. चुनौती

१. सीमित वित्तीय स्रोत, उच्च लागत र कठिन भौगोलिक बनावटका बाबजुद गुणस्तरीय पूर्वाधार निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. पूर्व तयारी सम्पन्न भएका कार्यान्वयनयोग्य योजनाहरू मात्र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी वार्षिक विकास कार्यक्रम निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ ।

४. सार्वजनिक खरिदमा हुने प्रक्रियागत झन्झटलाई सरलीकरण गर्नु, निर्माण व्यवसायीहरूमा व्यावसायिकता विकास गर्नु तथा ठेक्का लागेका आयोजनाहरू समयमै सम्पन्न गरी लाभ लिनु चुनौतीपूर्ण छ ।

५. पूर्वाधार निर्माण, उपयोग र संरक्षण तथा सम्वर्द्धनमा निजी क्षेत्र तथा जनस्तरको सहभागिता वृद्धि गरी स्वयम्लाई उत्तरदायी बनाउनु चुनौतीपूर्ण रहेको छ ।

### ६.२.२. सम्भावना

१. प्रदेश आयोजना बैंक सञ्चालन गरी पूर्वतयारी सम्पन्न र प्राथमिकता प्राप्त आयोजना मात्र कार्यान्वयन गरे पूर्वाधार निर्माणले गति लिन सक्ने सम्भावना रहेको ।

२. जलविद्युत् उत्पादन, सिमेन्टलगायत अन्य कच्चा पदार्थको उपलब्धताले राष्ट्रिय गौरवका आयोजनाको शीघ्र निर्माण एवम् बाढी पहिरोलगायत अन्य प्रकोपहरूबाट प्रभावित संरचनाहरूको पुनर्निर्माण कार्यले पूर्वाधार क्षेत्र थप चलायमान हुने सम्भावना रहेको छ ।

३. प्रदेशभित्रका सहरी तथा सहरोन्मुख क्षेत्रमा फुटपाथ निर्माण, पार्क, फ्लाई ओभर, साइकल लेनलगायतका पूर्वाधार निर्माणबाट आधुनिक एवम् व्यवस्थित सहर निर्माण गर्न सकिने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आ.व. २०८१/८२ मा बागमती प्रदेशमा ७ हजार ८ सय ८९ जनाले रोजगारी प्राप्त गरेका छन् । सिन्धुपाल्चोक जिल्लामा सबैभन्दा धेरै जनाले रोजगारी प्राप्त गरेका छन् भने रसुवा जिल्लामा सबैभन्दा कमले रोजगारी प्राप्त गरेका छन् (तालिका ६.३) ।

**तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | आयोजना सङ्ख्या | कुल रोजगारी प्राप्त सङ्ख्या | कुल रोजगारी दिन |
|---|---|---|---|
| दोलखा | १३६ | ६९९ | ५०३५२ |
| सिन्धुपाल्चोक | १४४ | ८८६ | ७२०९२ |
| रसुवा | ४१ | २१९ | २१८६२ |
| धादिङ | २७७ | ८४६ | ६६८८७ |
| नुवाकोट | २१६ | ७७८ | ७१२३५ |
| काठमाडौं | १४३ | ४७७ | ४०८३९ |
| भक्तपुर | ७० | ३२५ | २०७६५ |
| ललितपुर | १०१ | ३६९ | २६७५५ |
| काभ्रेपलाञ्चोक | २२२ | ९१५ | ७०१११ |
| रामेछाप | १०२ | ५६९ | ४५८३३ |
| सिन्धुली | १७१ | ६९९ | ५७९६५ |
| मकवानपुर | ८७ | ६४४ | ५२९५५ |
| चितवन | ९५ | ४६३ | ३४४०८ |
| **जम्मा** | **१८०५** | **७८८९** | **६३२०५९** |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम ।*

### ६.३.१. वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट २०८१ साउन १ देखि २०८२ असार मसान्तसम्म कुल ८ लाख ३९ हजार २ सय ६६ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ । गत वर्षको सोही अवधिमा ७ लाख ४१ हजार २ सय ९७ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा धैरै ४२.८६ प्रतिशत Recruiting Agency मार्फत र सबैभन्दा कम १.५१ प्रतिशत सरकारी माध्यममार्फत वैदेशिक रोजगारीमा गएका छन् (तालिका ६.४) ।

**तालिका ६.३: कुल श्रम स्वीकृतिको विवरण**

| विवरण | पुरुष | महिला | जम्मा | हिस्सा (%) |
|---|---|---|---|---|
| New Individual | १०४०६४ | २९५६३ | १३३६२७ | १५.९२ |
| Recruiting Agency | ३२५१७९ | ३४४९६ | ३५९६७५ | ४२.८६ |
| Re-entry | ३०४४१९ | २८८९० | ३३३३०९ | ३९.७१ |
| G2G (EPS Korea, Israel & | ११९४७ | १५०६ | १२६५३ | १.५१ |
| Legalization | २ | – | २ | ०.०० |
| **जम्मा** | ७४४८११ | ९४४५५ | ८३९२६६ | १००.०० |

*स्रोतः वार्षिक श्रम स्वीकृति विवरण २०८१/८२, वैदेशिक रोजगार विभाग।*

बागमती प्रदेशबाट आ.व. २०८१/८२ मा जम्मा १ लाख ३७ हजार ६ सय जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १६.३९ प्रतिशत हो। जिल्लागत रूपमा सबैभन्दा धेरै २१ हजार १ सय ३४ (१५.४ प्रतिशत) कामदार चितवन जिल्लाबाट वैदेशिक रोजगारीमा गएका छन् भने सबैभन्दा कम १ हजार ७ सय १५ (१.२ प्रतिशत) कामदार रसुवा जिल्लाबाट गएका छन् (तालिका ६.५)।

**तालिका ६.४: बागमती प्रदेशमा जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | G – to - G | Individual Re-entry | Total with re-entry | Total without Re-entry |
|---|---|---|---|---|---|---|
| दोलखा | ३००९ | २०१० | २३४ | २३९३ | ७६४६ | ५२५३ |
| सिन्धुपाल्चोक | ५१६३ | ३३४१ | २८१ | ४४२२ | १३२०७ | ८७८५ |
| रसुवा | ७५२ | ५०९ | २० | ४३४ | १७१५ | १२८१ |
| धादिङ | ६१०३ | ३१९७ | २०० | ४७३८ | १४२३८ | ९५०० |
| नुवाकोट | ४९२१ | २५७७ | २३४ | ४०७८ | ११८१० | ७७३२ |
| काठमाडौं | २७३६ | २७०८ | १०८ | ४२२२ | ९७७४ | ५५५२ |
| भक्तपुर | २४७८ | ११३६ | ४२ | १३०६ | ४९६२ | ३६५६ |
| ललितपुर | २१७९ | ११९२ | ९३ | १७३७ | ५२०१ | ३४६४ |
| काभ्रेपलाञ्चोक | ५४६७ | २७७२ | ३०६ | ४६६५ | १३२१० | ८५४५ |
| रामेछाप | ३३३५ | १८१३ | १९८ | २८९४ | ८२४० | ५३४६ |
| सिन्धुली | ५८८० | १४८८ | १५० | ३५३८ | ११०५६ | ७५१८ |
| मकवानपुर | ७२०६ | २६६६ | ४०६ | ५१२९ | १५४०७ | १०२७८ |
| चितवन | ७२८४ | ५२५१ | १५० | ८४४९ | २११३४ | १२६८५ |
| **जम्मा** | ५६५१३ | ३०६६० | २४२२ | ४८००५ | १३७६०० | ८९५९५ |

*स्रोतः वार्षिक श्रम स्वीकृति विवरण २०८१/८२, वैदेशिक रोजगार विभाग।*

## ६.४ रोजगारी क्षेत्रका चुनौती तथा सम्भावना

### ६.४.१.चुनौती

१. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उनीहरूको सीप तथा दक्षताका आधारमा स्वदेशमै रोजगारीका अवसरहरू उपलब्ध गराउनु चुनौतीपूर्ण रहेको छ।

२. श्रम बजारमा वर्षेनी लाखौंको सङ्ख्यामा थपिने युवाहरूलाई समयानुकूल तलबभत्तासहित रोजगारी सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ।

३. कृषि, उद्योग र सेवा क्षेत्रमा पूर्वाधार विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गरी स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ।

४. स्वदेशमा नै उपलब्ध स्रोत र साधनको समुचित उपयोग गर्दै युवाहरूलाई उद्यमशीलतातर्फ आकर्षित गराउनु चुनौतीपूर्ण रहेको छ।

### ६.४.२. सम्भावना

१. श्रम बजारमा लाखौंको सङ्ख्यामा थपिने नव युवाहरूलाई आवश्यकताका आधारमा सीप सिकाई रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

२. उद्योग, पर्यटन, जलविद्युत्, सूचना प्रविधिजस्ता क्षेत्रमा आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

३. सहरी क्षेत्रका प्राकृतिक, सांस्कृतिक, तथा अन्य पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भारका लागि स्थानीय स्तरबाट नै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

# परिच्छेदः ७ प्रादेशिक वित्त स्थिति

## ७.१ प्रदेश सरकारी वित्त स्थिति

आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेश सरकारले कुल रु.६४ अर्ब ५४ करोड बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरणअनुसार रु.४७ अर्ब ६२ करोड खर्च भएको छ। उक्त रकम कुल विनियोजनको ७३.७९ प्रतिशत हो। चालु खर्चतर्फ विनियोजनको ७०.८ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ७८.८ प्रतिशत खर्च भएको छ।

बागमती प्रदेश सरकारले आ.व. २०८१/८२ मा कर र गैरकर राजस्व गरी कुल राजस्व रु.३४ अर्ब १० करोड परिचालन गर्ने अनुमान गरेकोमा २०८२ असार मसान्तसम्म रु. २८ अर्ब ३५ करोड राजस्व सङ्कलन भएको छ जुन कुल राजस्व अनुमानको ८३.१४ प्रतिशत हो।

आ.व. २०८१/८२ मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१५ अर्ब ५८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८२ असार मसान्तसम्म कुल रु.११ अर्ब ९७ करोड अनुदान प्राप्त गरेको छ।

**तालिका ७.१: सरकारी वित्त स्थिति***

*रु. अर्बमा*

| शीर्षक | २०८०/८१ | | | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | प्रगति प्रतिशत | बजेट | यथार्थ | प्रगति प्रतिशत |
| **कुल खर्च** | **६२.७१** | **४४.५१** | **७०.९८** | **६४.५४** | **४७.६२** | **७३.७९** |
| चालु | २६.२९ | १५.९७ | ६०.७५ | २५.७२ | १८.२२ | ७०.८४ |
| पुँजीगत | ३५.९२ | २८.५४ | ७९.४६ | ३७.३२ | २९.४० | ७८.७९ |
| वित्तीय | ०.५ | ० | ०.० | १.५० | ० | ० |
| **कुल प्राप्ति** | **६२.६९** | **६६.१२** | **१०५.४७** | **६४.५५** | **६०.४६** | **९३.६७** |
| कर राजस्व | २५.१७ | २०.७० | ८२.२४ | २७.५९ | २३.४८ | ८५.१० |
| गैरकर राजस्व | ५.२६ | ४.८० | ९१.२५ | ६.५१ | ४.८७ | ७४.८३ |
| विविध प्राप्ति** | १४.४५ | २६.९१ | १८६.२३ | १४.८७ | २०.१४ | १३५.४६ |
| अनुदान | १७.८१ | १३.७१ | ७६.९८ | १५.५८ | ११.९७ | ७६.८३ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश*

*बजेट र यथार्थको रकम रु.अर्बमा प्रस्तुत गरिएको।

** विविध प्राप्तिमा बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता र गत वर्षको नगद मौज्दात समावेश गरिएको।

## ७.२ स्थानीय तहहरूको वित्त स्थिति

बागमती प्रदेशमा ११९ स्थानीय तह रहेका छन्। आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशमा रहेका स्थानीय तहहरूमध्ये छनौट गरिएका ५ स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) को कुल प्राप्ति रु.२२ अर्ब २२ करोड रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा ४.१ प्रतिशतले बढी हो। उक्त स्थानीय तहहरूले करतर्फ रु.११ अर्ब ४० करोड, अनुदानतर्फ रु.७ अर्ब ३२ करोड र अन्य राजस्वतर्फ रु.३ अर्ब ४४ करोड रकम प्राप्त गरेका छन्। गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरूले प्राप्त गरेको कर ३.५ प्रतिशतले, अनुदान ५.९ प्रतिशतले र अन्य राजस्व २.६ प्रतिशतले वृद्धि भएको छ।

### तालिका ७.२: बागमती प्रदेशको स्थानीय तहहरूको प्राप्ति तथा खर्च विवरण*

रु. दस लाखमा


| विवरण | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर | ११,०१८ | ११,४०३ | ३.५ |
| अनुदान | ६,९०६ | ७,३१५ | ५.९ |
| अन्य राजस्व | ३,३५२ | ३,४३९ | २.६ |
| विविध प्राप्ति | ६२ | ४७ | – |
| अन्य संस्थाहरूबाट प्राप्ति | – | १५ | – |
| **क. कुल प्राप्ति** | **२१,३३८** | **२२,२१९** | ४.१ |
| **ख. कुल खर्च** | **२४,९९८** | **२५,२४१** | १.० |
| *चालु* | १२,०२६ | १२,७३७ | ५.९ |
| *पुँजीगत* | १२,८०६ | १२,३४० | (३.६) |
| *वित्तीय* | १६६ | १६४ | (१.८) |
| **बचत (न्यून) रकम (क-ख)** | (३,६६०) | (३,०२२) | |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) ।

छनौटमा परेका ५ स्थानीय तहहरूले आर्थिक वर्ष २०८१/८२ मा रु.२५ अर्ब २४ करोड रकम खर्च गरेका छन् जुन गत आर्थिक वर्षको तुलनामा १.० प्रतिशतले बढी रहेको छ। उक्त स्थानीय तहहरूले चालुतर्फ रु.१२ अर्ब ७४ करोड, पुँजीगततर्फ रु.१२ अर्ब ३४ करोड र वित्तीयतर्फ रु.१६ करोड ४० लाख रकम खर्च गरेका छन्। गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरूको चालु खर्च ५.९ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च ३.६ प्रतिशतले र वित्तीय खर्च १.८ प्रतिशतले घटेको छ।

### चार्ट ७.१: स्थानीय तहहरूको राजस्व र खर्चको अवस्था(रु.अर्बमा)




*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएका ५ वटा स्थानीय तहहरू (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) ।

# परिच्छेद ८: आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा मधेस प्रदेशमा मनसुन ढिला भएकोले धान खेतीलगायत समग्र वर्षे बाली प्रभावित भएकोले कृषि उत्पादनको वृद्धिदरमा केही नकारात्मक असर परेको छ। त्यसैगरी २०८२ भदौ २३ र २४ मा जेन्जी आन्दोलनको क्रममा अर्थतन्त्रमा केही क्षति भएको छ। तत्पश्चात् तत्काल बनेको नयाँ सरकारले शान्ति-सुरक्षा कायम गरेको, सुशासन र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको, पुनर्निर्माण कार्यलाई प्रोत्साहित गर्न सहुलियतको व्यवस्था गरेको, आन्दोलनबाट प्रभावित व्यवसाय सञ्चालनको लागि विभिन्न प्रकारका राहत र सुविधाका व्यवस्थाहरू गरिएकाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै गएको छ। समग्र अर्थतन्त्रमा पर्ने उपरोक्त प्रभाव बागमती प्रदेशको आर्थिक गतिविधिमा समेत प्रतिबिम्बित हुने देखिन्छ। विगत केही समयदेखि मुद्रास्फीति न्यून रहेको र यस अविधिमा समेत आयातित मूल्य घट्दो क्रममा रहेकोले उपरोक्त परिस्थितिको बाबजुद समग्र उभोक्ता मुद्रास्फीति लक्षित सीमाभित्र रहने अनुमान छ।

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा सुधार हुने अनुमान रहेको छ।

### ८.१ कृषि क्षेत्र

बागमती प्रदेशस्थित कृषि विकास कार्यालयबाट प्राप्त प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान गरिएको छ। बागमती प्रदेशमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न बिउबीजन, रैथाने बाली संरक्षण तथा विस्तार, पशुपन्छी रोग नियन्त्रण, पशुनश्ल सुधार तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धनजस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याएको कारण समग्र कृषि क्षेत्रको उत्पादनमा अनुकुल प्रभाव पर्ने देखिन्छ।

तथापि रोपाइँको समयमा मलको अभाव देखिएको र तराईका जिल्लामा समयमै पानी नपर्दा रोपाइँ ढिला भएका कारण धान उत्पादनमा सङ्कुचन हुने देखिएको छ। साथै, मनसुनजन्य विपदका कारण बागमती प्रदेशका सडक तथा पुलमा भएको क्षतिका कारणले यस प्रदेशका कृषिजन्य उत्पादनको बजारको पहुँचमा समेत नकारात्मक प्रभाव पर्न गई कृषि क्षेत्रमा अपेक्षा गरे अनुसार उत्पादन वृद्धि हुन कठिन देखिन्छ।

### ८.२ औद्योगिक क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा औद्योगिक क्षेत्रतर्फ निर्माण र जलविद्युत् उप समूहको योगदान बढ्ने देखिन्छ। नेपालकै पहिलो सुरुङ राजमार्ग नागढुङ्गा-नौबिसे सुरुङमार्गको निर्माण सम्पन्न भई सञ्चालनमा आउने तयारीमा रहेकाले यात्रा समय छोटिनुका साथै राजधानी आवागमन सहज हुने देखिन्छ। आगामी वर्ष राष्ट्रिय प्रसारणमा थप हुने जलविद्युत्ले आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ। तथापि अघिल्लो आर्थिक वर्षको अन्त्यमा रसुवागढी-केरुङ नाकामा बाढी तथा पहिरोले पुऱ्याएको क्षतिका कारण कच्चा पदार्थ तथा औद्योगिक सामानको आपूर्तिमा समस्या देखिएकोले समग्र औद्योगिक उत्पादनमा केही नकारात्मक असर पर्ने अनुमान रहेको छ।

### ८.३ सेवा क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य वृद्धि भएकोले विप्रेषण आप्रवाह उत्साहजनक रहने अनुमान रहेको छ । जेन्जी आन्दोलनपश्चात् भदौ महिनामा विदेशी पर्यटक आगमन न्यून भए तापनि त्यसपछिका महिनाहरूमा सुधार हुँदै गएकोले पर्यटकीय आयमा वृद्धि हुनुको साथै अर्थतन्त्र थप चलायमान हुन सघाउ पुग्ने अनुमान छ । यस अवधिमा क्षतिको पुर्ननिर्माणले तीव्रता लिने र निर्वाचनको कारण यातायात, होटल तथा रेष्टुरेन्ट व्यवसाय विस्तार भई आयात बढ्न सघाउ पुग्ने अनुमान रहेको छ । बागमती प्रदेश सरकारद्वारा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र शिक्षालाई व्यवसायमूलक तथा रोजगारमूलक बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको, वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरूको अध्ययन, विश्लेषण तथा वर्गीकरण गरिने, कार्यान्वयनमा रहेका सिँचाइ योजनाहरूलाई निरन्तरता दिइने कार्य योजना रहेकोले यस क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान रहेको छ । वित्तीय उपसमूहको विस्तार सामान्य रहने अनुमान रहेको छ ।

### ८.४ पूर्वाधार क्षेत्र

बागमती प्रदेशमा सडक तथा पुल पूर्वाधारअन्तर्गत प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग, सहरी तथा स्थानीय सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य भइरहेको, निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन निर्माण, सुरुङमार्ग निर्माणजस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरूको कामले गति लिएको छ । त्यसैगरी, सूचना प्रविधिको पहुँचमा तीब्र विकास हुँदै गएको, रुबी भ्यालीलगायत मानव विकास सूचकाङ्कमा पछाडि परेका अन्य पालिकाहरूको पूर्वाधार विकासका लागि बजेट बाँडफाँट भएको, जोखिमयुक्त बस्ती स्थानान्तरणसम्बन्धी अध्ययन कार्य भइरहेको, रुग्ण आयोजनाहरूको पहिचान गर्ने कार्य निरन्तर भइरहेकोले समग्रमा पूर्वाधार क्षेत्रको विस्तार सकारात्मक हुने देखिन्छ । तर केही महिनाअघि भोटेकोशीमा आएको बाढीले पुल, सडक, जलविद्युत् आयोजनाहरू र रसुवाको ड्राइ पोर्टमा भएको क्षति तथा अन्य क्षेत्रहरूमा समेत आएको बाढी र पहिरोका कारण भौतिक पूर्वाधारमा पुगेको क्षतिले पूर्वाधार क्षेत्रमा केही नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

*    *    *